खडक नगरपालिका

☎ ०३१-५४००५४

नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्याः ०८०/०८१

चलानी नं.: ६६२

सूचना ! सूचना !! सूचना !!!

मिति : २०८०/११/०१

**विषय : न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने वारे सूचना ।**

रोजगारीको हक सम्बन्धी ऐन २०७५, रोजगारीको हक सम्बन्धी नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८१/८२ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने एक सय दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकाश निर्माणको काममा योग्दान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०८० फाल्गुन मसान्त सम्म आफुले स्थाई बसोबास गरिरहेको यस नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सुचीमा सुचिकृत हुनको लागि निवेदन दिनुहुन अनुरोध छ ।

न्युनतम रोजगारीमा संलग्न हुनको लागि आवश्यक मापदण्ड

१. निवेदक चालु आ.व. मा न्युनतम १०० दिनको रोजगारीमा संलग्न नरहेको ।
२. निवेदक १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको ।
३. नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक भन्दा कम वार्षिक आय भएको परिवार ।
४. बैदेशिक रोजगार बाट फर्किएको वा श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा जान नपाएको ।
५. पुर्ण विवरण सहित रितपुर्वक निवेदन फारम भरेको र कार्यक्रममा सहभागी हुन ईच्छुक ।

| आवश्यक कागजातहरु | बेरोजगार व्यक्ति छनौट प्रक्रियाको प्राथमिकताक्रम निर्धारणका आधार |
|---|---|
| १. नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>२. १ थान फोटो<br>३. परिवारको अन्य सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>४. नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी | १. कृषि उत्पादन वा ज्याला मजदुरीले वर्षमा ३ महिना खान नपुग्ने परिवारको सदस्य<br>२. निवेदक भूमिहिन वा सुकुम्बासी भएमा<br>३. एकल महिला घरमुली भएको परिवारको सदस्य<br>४. दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य<br>५. वार्षिक एक सय दिनको रोजगारी बापत एक व्यक्तिले प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक भन्दा कम नगद आय भएको परिवारको सदस्य<br>६. कोहिपनि सदस्यले स्वरोजगार नभएको वा सामाजिक सुरक्षा लगायतको सरकारी कोषबाट सुविधा नलिएको परिवारको सदस्य<br>७. शहिद परिवार वा बेपत्ता परिवारको सदस्य<br>८. महिला बेरोजगार व्यक्ति |

हरेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Email ID : khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com